# सत्यवती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### जोहाङ्ग, गुल्मी

### प्रदेश नं. ५

**सत्यवती गाउँपालिका क्षेत्र भित्रवाट ढुङ्गा, गिट्टी, वालुवा, लगायत नदीजन्य पदार्थ निकाशी कर असुल गर्ने सम्वन्धी**

## बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७५/०६/२४**

१ यस सत्यवती गाउँपालिकाबाट आर्थिक वर्ष ०७५/७६ को अवधिका लागि तपशील बमोजिमको स्थानहरुमा स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायतका नदीजन्य पदार्थको निकासी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति,फर्म,संस्था वा कम्पनीहरुले तपशील वमोजिमका शर्तको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

२ यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म बोलपत्र फारम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण्ति प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर ( PAN) प्रमाणित पत्र आ.व, २०७४/७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपशिलमा उल्लेख बोलपत्र दस्तुर(पछि फिर्ता नहुने गरी) निवदेन साथ पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३ सिलवन्दी बोलपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म पेश गरिसक्नु पर्ने र सोही दिनको दिउँसो २:०० बजे सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग गुल्मीमा बोलपत्र खोलिने छ ।

४ बोलपत्रसाथ आफूले कवोल गरेको अङ्कको ५% धरौटी सत्यवती गाउँपालिकाको रा.वा.बैंक तम्घास गुल्मीमा रहेको धरौटी खाता नं. ३०१०३०३००७१०८ जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

५ रकम तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १०% रकम कम गरी बुझाउन सकिनेछ ।

६ कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७ बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत २५% रकम दाखिला गर्नुपर्नेछ । अन्य किस्ताको धितो वापत वैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बनाई पेश गर्नु पर्नेछ । रित नपुगी वा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८ नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकेदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

९ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१० ठेक्काका अन्य शर्तहरू सम्झौताका वखत निर्धारण हुनेछ ।

११ यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

| सूचना नं. | मालबस्तुको विवरण | न्यूनतम ठेक अङ्क (मू.अ.कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/०७ ५/७६ | सत्यवती गाउँपालिका वडा नं. १,४,५,६, र ७ मा पर्ने वडिगाड खोला तथा अन्य विभिन्न खोलाहरुको वगरबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्धी | रु.२१,८६,८९५।- | रु.२०००।- | |
| ०२/०७ ५/७६ | सत्यवती गाउँपालिका वडा नं. १ र २ मा पर्ने काली गण्डकी नदीको क्षेत्र भित्रबाट ढुंङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोतहरुको निकासी कर सम्बन्धी | रु.४८,८४,०१८।- | रु.२०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**